मिति २०८२/०८/०८ गते तदअनुसार ने.सं. ११४६ थिंल्लाथ्व चतुर्थी, सोमबार दिनको १:०० बजे पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री महेश खरेलज्यूको अध्यक्षतामा तपशील बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसेको कार्यपालिकाको १५५ औं बैठकले देहायका विषयमा छलफल गरि निर्णय पारित गरियो।

<u>उपस्थिती</u>

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री महेश खरेल | नगर प्रमुख | |
| २. | श्री सुर्यमाया दनुवार | नगर उप-प्रमुख | |
| ३. | श्री पुरुषोत्तम सापकोटा | सचिव | |
| ४. | श्री सञ्जय तामाङ | नगर प्रवक्ता तथा सदस्य | |
| ५. | श्री जय बहादुर तामाङ | सदस्य | |
| ६. | श्री रामेश्वर दाहाल | सदस्य | |
| ७. | श्री सुन्दर अधिकारी | सदस्य | |
| ८. | श्री सुन्दर तामाङ | सदस्य | |
| ९. | श्री सिताराम ढुंगाना | सदस्य | |
| १०. | श्री रामशरण दुलाल | सदस्य | |
| ११. | श्री रामकृष्ण दंगाल | सदस्य | |
| १२. | श्री रामकाजी श्रेष्ठ | सदस्य | |
| १३. | श्री नारायण प्रसाद सापकोटा | सदस्य | |
| १४. | श्री हिराकाजी तामाङ | सदस्य | |
| १५. | श्री ज्ञान बहादुर दनुवार | सदस्य | |
| १६. | श्री सुकुविर तामाङ | सदस्य | |
| १७. | श्री यसोदा वसेल | सदस्य | |
| १८. | श्री सृजना परियार | सदस्य | |
| १९. | श्री सरस्वती फैजु | सदस्य | |
| २०. | श्री सुमित्रा खरेल | सदस्य | |
| २१. | श्री कल्पना ढुंगाना | सदस्य | |
| २२. | श्री माइली दनुवार | सदस्य | |
| २३. | श्री सुरेश भुजेल शिवभक्ती | सदस्य | |
| २४. | श्री बालकृष्ण रोक्का | सदस्य | |
| २५. | श्री कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत | |

२६ इन्द्र बा. तामाङ पाँचखाल १ [illegible]

# बैठक संख्याः-१५५

## मितिः-२०८२/०८/०८

## नगर कार्यपालिकाको बैठकमा निर्णयका लागि पेश भएका प्रस्तावहरु

१.गत बैठकको समिक्षा।

२.नगर विकास समितिका सदस्यहरु मनोनयन सम्बन्धमा।

३.आ.व. ०८२/८३ प्रथम चौमासिकको प्रगती समिक्षा सम्बन्धमा।

४.मर्मत संभार कोष शीर्षकबाट देहाय बमोजिमका योजना/कार्यक्रम कार्यान्वियन गर्ने सम्बन्धमा।

- पा.न.पा. वडा नं ६ को डुमकाटेमा पानी तान्ने पम्प खरिद
- पा.न.पा. वडा नं ६ उर्वसे कुलो मर्मत
- पा.न.पा. वडा नं ९ स्थित पलाञ्चोक भगवती मा.वि.को बिग्रीएको ढोका जडान
- पा.न.पा. वडा नं २ स्थित डिप बोरिङ खानेपानीको मुहान संरक्षण
- पा.न.पा. वडा नं १ स्थित विभिन्न सडक सरसफाईमा नपुग रकम थप सम्बन्धमा।
- पा.न.पा. वडा नं १३ स्थित कुलो बाँध निर्माण तथा मर्मत
- पा.न.पा. वडा नं ७ स्थित पुराण्डी देखि पाँगे हुँदै महिला औंगिक ग्राम जाने बाटो स्तरोन्नती
- पा.न.पा. वडा नं ८ स्थित डाँडाखर्क गुम्बा मर्मत संभार

५.नगरस्तरीय आकस्मीक खर्च शीर्षकबाट देहाय बमोजिमका योजना/कार्यक्रम कार्यान्वियन गर्ने सम्बन्धमा।

- पा.न.पा. वडा नं ०२ स्थित खोक देवीस्थान सडक स्तरोन्नती योजनामा नपुग रकम थप
- पा.न.पा. वडा नं ११ स्थित गुप्तेश्वर महादेव मन्दिर परिसरमा शौचालय निर्माण
- पा.न.पा. वडा नं ११ स्थित गुप्तेश्वर महादेव मन्दिरमा सिढी निर्माण
- पा.न.पा. वडा नं ८ स्थित लुङ्वाटोल, घिसिङटोल कजवे तथा पर्खाल निर्माण
- पा.न.पा. वडा नं ६ स्थित कार्कीको मिल मुनी सडक ढलान
- पा.न.पा. वडा नं ९ स्थित पलाञ्चोक भगवती मन्दिर अगाडि रहेको सत्तल निर्माण
- पा.न.पा. वडा नं ११ स्थित बरवन्दी राम्चे सडक मर्मत
- पा.न.पा. वडा नं १ स्थित मौलेपोखरी घुमाउनेचौर तिरतिरेधारा सडक स्तरोन्नती
- पा.न.पा. वडा नं ३ स्थित भाइकाटे सडक निर्माणको लागि नपुग रकम थप

६. उत्पादनमा आधारित दुधमा प्रोत्साहन कार्यक्रममा लाभग्राही छनौट सम्बन्धमा।

७. खोरेत रोगसँग मिल्दा रोगबाट मरेका पशुहरुको क्षतीपुर्ती उपलब्ध गराउने सम्बन्धमा।

८. पाँचखाल नगरपालिका वडा नं ०३ स्थित प्रतिष्ठा कृषि सहकारी संस्था लि.लाई चिलिङ भ्याट उपलब्ध गराउने सम्बन्धमा।

९. आर्थिक सहयोग सम्बन्धमा।

१०. महिला औद्योगिक ग्राम जग्गा प्राप्ती सम्बन्धमा।

११. पाँचखाल नगरपालिका वडा नं ११ स्थित वडा कार्यालय नजिकै गएको ठूलो पहिरोमा वाल निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउने सम्बन्धमा।

१२. श्री आजाद मा.वि.को भौतिक सुधार गर्नको लागि भारतीय दुतावाससँग सहकार्य सम्बन्धमा।

१३. सुआयु कन्स्ट्रक्शनलाई घ वर्गको इजाजत पत्र दिने सम्बन्धमा।

१४. नगर पालिकाबाट व्यवस्था गरिएको नगर शिक्षक अनुदानमा(अङ्ग्रेजी, गणित, विज्ञान र कम्प्युटर विषय) शिक्षक अध्यापन अनुमती पत्र नभएकालाई पनि परीक्षामा सामेल गराउने सम्बन्धमा।

१५. पाँचखाल महिला उद्यमी प्रवर्धन एंव प्रदर्शनी कार्यक्रम सम्बन्धमा।

१६. स्वास्थ्य विमाको लागि सिफारिस गर्ने सम्बन्धमा।

१७.टेण्डर प्रक्रियाबाट योजना/कार्यक्रमहरु कार्यान्वियन गराउने सम्बन्धमा।

१८.प्राथमिक स्वास्थ्य केन्द्रलाई आवश्यक सामाग्री उपलब्ध गराउने सम्बन्धमा।

१९.पाँचखाल नगर वाल संजाल, कोटयाङ तामाङ गुठीयार समाज सेवा समूह पाँचखाल १ र शहरी स्वास्थ्य केन्द्र वडा नं ३ लाई आवश्यक सामाग्री उपलब्ध गराउने सम्बन्धमा।

२०.मेयरकप सोतोकान कराते प्रतियोगिता सम्बन्धमा।

२१.४ नं वडा कार्यालयको लागि घर भाडामा लिने सम्बन्धमा।

२२.पा.न.पा. वडा नं १० स्थित बेलापाखा सामुदायिक वनमा टिमुर तथा तेजपात गोडमेल सम्बन्धमा।

## बैठक संख्या १५५
## मिति २०८२/०८/०८
## नगरकार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १**

गत कार्यपालिकाको बैठकबाट कार्यान्वयन गर्नुपर्ने निर्णयहरु कार्यान्वयन भइरहेको विवरण सम्बन्धित शाखाहरुबाट प्राप्त भएको हुँदा कार्यान्वयनमा खटिने सबै तह, निकाय, शाखालाई धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं. २**

नगर विकास समितिको अध्यक्ष तथा सदस्य मनोनयन सम्बन्धी निर्देशिका २०७१ नेपाल सरकार शहरी विकास मन्त्रालयबाट मिति २०७१/०३/२५ गते स्वीकृत भए वमोजिम गठित यस पाँचखाल नगर विकास समितिमा नगर विकास ऐन २०४५ संशोधन सहित २०७५ को दफा ४ को उपदफा ४.२ मा नगर विकास समितिमा रहने सदस्यहरु सम्बन्धी व्यवस्था रहेकोले सोही उप दफाको ४.२.५ मा व्यवस्था भए अनुसार नगर कार्यपालिकाका सदस्य मध्येबाट निम्न ३ जनालाई र उप दफा ४.२.६ मा व्यवस्था भए अनुसार स्थानिय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका सोही क्षेत्रका समाजसेवी महिला सहित निम्न २(दुई) जनालाई समितिको सदस्य मनोनयन गर्ने निर्णय गरियो।

**कार्यपालिका सदस्यबाट**

१.सुर्यमाया दनुवार-उप प्रमुख तथा का.पा.सदस्य

२.रामेश्वर दाहाल-२ नं वडा अध्यक्ष तथा कार्यपालिका सदस्य

३.सृजना परियार-कार्यपालिका सदस्य

**स्थानीय क्षेत्रको विकासमा योगदान पुर्याएका समाजसेवीबाट**

पुरुषोत्तम लुइटेल वडा नं ४

**निर्णय नं. ३**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ को (३) बमोजिम पेश भएको आ.व. ०८२/८३ को स्वीकृत रु.९१,४८,३४,८०२/- कुल बजेट मध्ये प्रथम चौमासिकमा संचित कोषबाट व्ययभार हुने गरी विभिन्न स्रोतमा आम्दानी रु.३८२६८४०००/-(४१.३८%) र खर्च रु.१६,४४,५२,१९७/-(१७.९७%) भएको आय व्ययको विवरण माथि समिक्षा गरियो।

**निर्णय नं. ४**

मर्मत संभार कोष शीर्षकबाट खर्च रकम भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट वमोजिम देहाय बमोजिमका योजना/कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

१.पाँचखाल नगरपालिका वडा नं ६ स्थित डुमकोटे पोखरीमा पानी तान्ने पम्प खरिद

२.पाँचखाल नगरपालिका वडा नं ६ स्थित उर्वसे कुलो मर्मत सुधार

३.पाँचखाल नगरपालिका वडा नं ९ स्थित पलाञ्चोक भगवती मा.वि.को बिग्रीएको ढोका फेरी नयाँ जडान
४.पाँचखाल नगरपालिका वडा नं २ स्थित डिप बोरिङ्ग खानेपानीको मुहान संरक्षण
५.वडा नं १ स्थित विभिन्न सडक सरसफाईमा विनियोजित रकममा नपुग हुन आउने रु.१,५०,०००/-थप गरी सरसफाई गराउने
६.पाँचखाल नगरपालिका वडा नं १३ स्थित कुलो बाँध निर्माण तथा मर्मत
७.पाँचखाल नगरपालिका वडा नं ७ स्थित पुराण्डी देखि पाँगे हुँदै महिला औद्योगिक ग्राम जाने बाटो स्तरोन्नती
८.पाँचखाल नगरपालिका वडा नं ७ स्थित पुराण्डी देखि पाँगे हुँदै महिला औद्योगिक ग्राम जाने बाटो स्तरोन्नती
९.पाँचखाल नगरपालिका वडा नं ८ डाँडाखर्क गुम्बा मर्मत संभार

**निर्णय नं. ५**

नगरस्तरीय आकस्मिक खर्च शीर्षकबाट रकम भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट बमोजिम देहायका योजना/कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

१.पाँचखाल नगरपालिका वडा नं ०२ स्थित खोक देवीस्थान सडक स्तरोन्नती योजनामा विनियोजित रकममा नपुग रकम थप गरी सडक स्तरोन्नती
२.पाँचखाल नगरपालिका वडा नं ११ स्थित गुप्तेश्वर महादेव मन्दिर परिसरमा शौचालय निर्माण
३.पाँचखाल नगरपालिका वडा नं ११ स्थित गुप्तेश्वर महादेव मन्दिरमा सिढी निर्माण
४.पाँचखाल नगरपालिका वडा नं ८ लुड्वाटोल, घिसिङटोल कजवे तथा पर्खाल निर्माण
५.पाँचखाल नगरपालिका वडा नं ६ स्थित कार्कीको मिल मुनी सडक ढलान
६.पाँचखाल नगरपालिका वडा नं ९ स्थित पलाञ्चोक भगवती मन्दिर अगाडि रहेको सत्तल निर्माण
७.पाँचखाल नगरपालिका वडा नं ११ स्थित बरबन्दी राम्चे सड़क मर्मत
८.पाँचखाल नगरपालिका वडा नं १ स्थित मौलेपोखरी घुमाउनेचौर तिरतिरेधारा सडक स्तरोन्नती
९.पाँचखाल नगरपालिका वडा नं ३ स्थित भाइकाटे सडक निर्माणको लागि नपुग रकम थप

**निर्णय नं. ६**

आर्थिक वर्ष २०८२/८३ बागमती प्रदेश सरकारबाट प्राप्त उत्पादनमा आधारित दुधमा प्रोत्साहन कार्यक्रमका लागि पाँचखाल नगरपालिकामा सचिकृत भएका दुग्ध संकलन केन्द्र/समूह/दुग्ध सहकारी/निजि फर्महरुलाई आवश्यक प्रकृया पुरा गरी सम्बन्धित कृषकको बैंक खातामा भुक्तानी दिने गरी अनुदान कार्यक्रममा सहभागी गराउने निर्णय गरी कार्यार्थ पशु सेवा शाखालाई निर्देश गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

खोरेत रोग पुष्टी भएको क्षेत्रभित्र खोरेत रोगसँग मिल्दा लक्षण देखाई मृत्यु भएका पशुहरुको सम्बन्धित वडाको सिफारिस लिइ प्रति गाई/भैसी लाई रु.१०,०००/- र प्रति बाख्रालाई रु.३,०००/-का दरले क्षतिपुर्ती रकम सम्बन्धित कृषकलाई उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ८**

यस पालिकाको ५०% र संस्थाको ५०% खर्च साझेदारीमा म्याचिङ फण्ड खर्च शीर्षकबाट रकम भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं ३ स्थित प्रतिष्ठा कृषि सहकारी संस्था लि.लाई २ वटा चिलिङ

भ्याट उपलब्ध गराउने र प्रदेश सरकारसँग पनि चिलिङ भ्याटका लागि समन्वय तथा सहकार्य गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

अन्य व्यक्ती तथा संस्था सहायता शिर्षकबाट देहायका व्यक्तीहरुलाई देहाय बमोजिमको औषधी उपचार सहयोग/विपन्न सहायता उपलब्ध गराउने निर्णय गरियो।।

| क्र.सं. | नाम थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | काले चर्माकार | पा.न.पा. वडा नं ९ | १००००/- | घुँडाको शल्यक्रिया |
| २ | सुनिल तामाङ | पा.न.पा. वडा नं १ | १००००/- | NICU मा उपचाररत |
| ३ | रुपा बजगाई सापकोटा | पा.न.पा. वडा नं २ | १००००/- | मृगौलामा समस्या |
| ४ | भिम प्रसाद हुमागाई | पा.न.पा. वडा नं ६ | १००००/- | मुटु तथा फोक्सोमा समस्या |
| ५ | निर्मला मगर | पा.न.पा. वडा नं ५ | १००००/- | क्यान्सर |
| ६ | रुकुमाया सर्कीनी | पा.न.पा. वडा नं १० | १००००/- | स्ट्रोक |
| ७ | टंक प्रसाद दंगाल | पा.न.पा. वडा नं ७ | १००००/- | मुटुमा समस्या |
| ८ | चन्द्र बहादुर सार्की | पा.न.पा. वडा नं ९ | १००००/- | कलेजोकव क्यान्सर |
| ९ | तिर्थमान पहरी | पा.न.पा. वडा नं ९ | १००००/- | स्पाइनल इन्जुरी |
| १० | केवी बहादुर तामाङ | पा.न.पा. वडा नं ८ | १००००/- | मृगौलामा समस्या |
| ११ | शुभद्रा तामाङ | पा.न.पा. वडा नं ८ | १००००/- | औषधी उपचार खर्च |
| १२ | पूर्ण माया विश्वकर्मा | पा.न.पा. वडा नं ५ | १००००/- | मुटुमा समस्या |
| १३ | गौरी पोखरेल | पा.न.पा. वडा नं २ | १००००/- | पाठेघरमा क्यान्सर |
| १४ | मन कुमारी श्रेष्ठ | पा.न.पा. वडा नं १० | १००००/- | हेड इन्जुरी तथा स्पाइनल इन्जुरी |
| १५ | रेणुका सुवेदी श्रेष्ठ | पा.न.पा. वडा नं ६ | २००००/- | क्यान्सर |
| १६ | अस्मिता तामाङ | पा.न.पा. वडा नं ८ | २००००/- | काजक्रीया |

**निर्णय नं. १०**

नेपाल सरकार (मन्त्रीपरिषद)को मिति २०७६/०६/०७ को निर्णयबाट घोषणा भएको महिला औद्योगिक ग्राम पाँचखाल (हाल विशेष महिला औद्योगिक ग्राम) का लागि आवश्यक पर्ने साविक होक्से गा.वि.स. वडा नं ३ हाल पाँचखाल नगरपालिका वडा नं ७ स्थित कि.न. ८९, ९० र ११३ क्षेत्रफल क्रमश ४१-११-१-०, ३५-१-१-० र २१-१०-१-० जम्मा क्षेत्रफल ९८-६-३-० ऐलानी पर्ति जग्गा, जग्गा प्राप्ती ऐन २०३४ तथा सरकारी जग्गा लिजमा लिने कार्यविधी २०७९ वमोजिम लिज प्राप्तीका लागि सम्बन्धित निकायहरुमा अनुरोध गरी पठाउन आवश्यक प्रकृया अघि बढाउने र प्रदेश सरकार र यस नगरपालिकाको ७०%-३०% साझेदारीमा महिला औद्योगिक ग्रामको भौतिक पुर्वाधारहरु निर्माण गर्न आवश्यक बजेट व्यवस्थापनका लागि मुख्यमन्धी तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेशलाई अनुरोध गरि पठाउने

साथै औद्योगिक ग्राम निर्माणमा आवश्यक सहयोग तथा सहजिकरण कार्यका लागि दक्षिण एशीयाली महिला विकास मन्च(SAWDF) काठमाण्डौंसँग दुई पक्षिय सम्झौता MOU गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

पाँचखाल नगरपालिका वडा नं ११ को वडा कार्यालय नजिकै गएको ठूलो पहिरोका कारण घर जोखिममा परेको र तत्काल वाल निर्माण गरी संरक्षण गर्नुपर्ने भएकोले टेण्डर प्रकृयाबाट निर्माण कार्य गर्दा गराउदा समय लाग्ने भएका कारण उक्त योजना उपभोक्ता समिति मार्फत तत्काल गराउने निर्णय गरियो।

**निर्णय नं. १२**

विद्यालय विकास गुरुयोजना अनुरुप श्री आजाद मा.वि. पाँचखाल १२ को भौतिक सुधार गर्न भारतीय दुतावासमा विद्यालयले पेश गर्ने पूर्ण आयोजना प्रस्तावमा उल्लेखित कुल बजेटको १०% रकम यस नगरपालिकाबाट व्यहोरिने प्रतिवद्धता जायर गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

सुआयु कन्स्ट्रक्शनलाई नियमानुसार घ वर्गको इजाजत पत्र दिने निर्णय गरियो।

**निर्णय नं. १४**

यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा पटक पटक शिक्षक पदपूर्तीको लागि विज्ञापन गर्दा समेत दरखास्त पर्न नआएको हुँदा नगर पालिकाको स्रोत तर्फका शिक्षक भर्ना गर्दा शिक्षण अध्यापन अनुमति पत्र भएका उम्मेदवार उपलब्ध नहुँदासम्म शिक्षण अध्यापन अनुमती पत्र नभएकालाई पनि परीक्षामा सामेल गराउने निर्णय गरियो।

**निर्णय नं. १५**

पाँचखाल महिला उद्यमी प्रवर्धन एंव प्रदर्शनी तथा बृहत सास्कृतिक कार्यक्रमका लागि देविथान महिला समूह पाँचखाल ४ लाई विविध कार्यकरम खर्च शीर्षकबाट रु.२,५०,०००/- सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १६**

स्वास्थ्य विमाका लागि आफ्ना वडा भित्र रहेका अति विपन्न नागरिकहरुको नाम नामेसी सिफारिस गरी पठाउन वडा कार्यालयलाई देखि पठाउने र वडा कार्यालयले सिफारिस गरि पठाउदा देहाय बमोजिमको अवस्थालाई न्यूनतम आधार लिनु पर्ने निर्णय गरियो।

देहाय

१.एकाघर परिवारमा स्थायी वा नियमित प्रकृतिको सरकारी तथा निजी क्षेत्रमा रोजगार, स्वरोजगार तथा व्यापार व्यवसायमा नरहेको परिवार

२.वैदेशिक रोजगारी तथा अध्ययनको लागि विदेश नगएको घरपरिवार

३.विद्यालय जाने उमेरका बालबालिका भएमा शुल्क नलाग्ने शिक्षण संस्थामा अध्ययन गरेको

४.घ।/जग्गा पक्की घर र घडेरीको रुपमा प्रयोग हुने जग्गा नभएको तथा खेतियोग्य जमिनबाट हुने उत्पादनले ६ महिना भन्दा कम खान पुग्ने परिवार

५.साइकल बाहेक अन्य सवारीसाधन नभएको परिवार

६.जेष्ठ नागरिक, अपाङ्ग, बालबालिका मात्र भएको परिवार

७.कृषि मजदुर, इटा भट्टामा काम गर्ने मजदुर, भरियाहरु सबै अति विपन्न परिवार

निर्णय नं. १७

आ.व. २०८२/८३ को स्वीकृत ५,००,०००/-(पाँच लाख) वजेट भन्दा माथिका योजना तथा कार्यक्रमहरुको टेण्डर प्रकृया कारवाही अघि बढाउन प्राविधिक शँखालाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. १८

प्राथमिक स्वास्थ्य केन्द्र पाँचखाललाई आधारभूत अस्पतालको नामबाट सेवा संचालन गर्ने क्रममा अस्पतालको सरसफाई लगायतका कार्य गराउदा लागेको विल बमोजिमको रकम भुक्तानी गर्ने र इ.सी.जी. मेसिन १, TFT मेसिन १, डेक्स्टप कम्प्युटर-५, सोलार मर्मत र ब्याट्री सहितको ब्याकअप(इन्भर्टर) १ थान, एक्स-रे को लागि ए.सी. १ थान, कलर प्रिन्टर १ थान, ब्ल्याकिन ह्वाइट प्रिन्टर १ थान नगर आधारभूत अस्पताल सञ्चालन शीर्षकबाट भुक्तानी हुने गरी उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १९

पाँचखाल नगर वाल संजाललाई १ थान स्पिकर, कोटयाङ तामाङ गुठियार समाज सेवा समुह पाँचखाल १ लाई न्याउली बाजाका Bag Piper Chanter र शहरी स्वास्थ्य केन्द्र वडा नं ३ लाई Incinerator १ थान विविध कार्यक्रम खर्च शीर्षकबाट विल बमोजिमको रकम खर्च भुक्तानी हुने गरी उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. २०

नेपाल सोतोकान कराते डोजो संघ काभ्रेपलाञ्चोकलाई मेयरकप सोतोकान कराते प्रतियोगिता आयोजनाका लागि विविध कार्यक्रम खर्च शीर्षकवाट रु.३,००,०००/- आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. २१

पाँचखाल नगरपालिका वडा नं ४ को कार्यालयको लागि उपयुक्त स्थानमा घर भाडामा लिन आवश्यक प्रकृयाको लागि वडा कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. २२

पाँचखाल नगरपालका वडा नं १० स्थित वेलापाखा सामुदायिक वनमा टिमुर र तेजपात गोडमेलको लागि विविध कार्यक्रम खर्च शीर्षकबाट रु.५,००,०००/- आर्थीक सहायता उपलब्ध गराउने निर्णय गरियो।

*(बैठकमा प्रस्तुत एजेण्डाहरुमाथी कुनैपनि फरक मत नरहेको हुँदा सर्वसम्मत निर्णय गरिएको छ।।)*